नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : २/२०७५-७६** **मितिः २०७५/०४/२९**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को १.७ अन्तर्गत १.७.५ को पहिलो अनुच्छेदलाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

यस्तो सटही सुविधा बढीमा एक पटकमा **अमेरिकी डलर ४०,००० (चालीस हजार)** वा सो बरावरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । यसरी टि.टि. मार्फत सटही प्रदान गर्दा अमेरिकी डलर २५,००० भन्दा बढी विदेशी मुद्राको सटही उपलब्ध गराउदा Beneficiary को Business Credibility Information लिने व्यवस्था मिलाउनु पर्ने छ । साथै, सम्बन्धित फाइलमा सोको अभिलेख राख्नुपर्नेछ ।

२. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को १.७ अन्तर्गत १.७.६ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

यस व्यवस्था अन्तरगत एउटा Beneficiary ले भुक्तानी पाउने गरी एउटै Applicant द्वारा अमेरिकी डलर ४०,००० (चालीस हजार) वा सो बरावरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी हुने गरी यस्तो सुविधा प्रदान गर्न पाइने छैन । एउटै Beneficiary लाई अमेरिकी डलर **४०,००० (चालीस हजार)** भुक्तानी दिई सकेपछि सो बापतको सामान Shipment नभई टि.टि.मार्फत अर्को भुक्तानी पठाउन सकिने छैन । सो Applicant द्वारा सोही बैंक वा अन्य बैंक मार्फत सोही Beneficiary लाई पछिल्लो ७ कार्यदिनभित्र ड्राफ्ट/टि.टि बाट रकम नपठाएको र सोही Beneficiary बाट ड्राफ्ट/टि.टि अन्तर्गतको मालसामान Shipment हुन बाँकी नरहेको अनुसूची १.८ बमोजिमको स्वघोषणा लिनुपर्नेछ ।

३. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को १.७ अन्तर्गत १.७.७ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

यस सुविधा अन्तर्गत सामान एकमुष्ट सिपमेण्ट हुने प्रतिवद्धता प्राप्त भएमा पटक पटक (Partially) गरी अमेरिकी डलर ४०,००० (चालीस हजार) मा नबढ्ने गरी रकम पठाउन सकिनेछ । तर, त्यस्तो सामान अघिल्लो पटक सटही लिएको ९० दिन भित्र आयात गरिसक्नु पर्नेछ ।

४. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को १.११ अन्तर्गत १.११.१ को खण्ड (क) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

मालसामान आयातको भुक्तानीका लागि प्रचलित व्यवस्था अन्तर्गत रही प्रतितपत्र, ड्राफ्ट वा टि.टि.को माध्यमबाट भारतीय रुपैयाँको सटही प्रदान गर्न सकिनेछ **। तर, भा.रु. ५ करोडभन्दा बढीको बस्तु** आयात अनिवार्य रुपले प्रतितपत्र मार्फत गर्नुपर्नेछ । यसरी सटही प्रदान गर्दा यसै साथ संलग्न नमूना बमोजिमको वि.वि.नि.फा.नं.४ (ग) जारी गर्नुपर्नेछ ।

यसरी सामान आयात गर्दा प्रचलित व्यवस्था बमोजिम १० प्रतिशत धरौटी लिनुपर्नेछ र सो रकमबाट भंसार महसुल बुझाउने प्रयोजनको लागि चेक उपलब्ध गराउनु पर्नेछ ।

**५. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ७/२०७४ को बुँदा १ को खण्ड (ख)अन्तर्गत देहाय बमोजिम बुँदा (४) थप गरिएको छ ।**

(४) नेपाल सरकारले जारी गरेको यात्रा अनुमतीपत्र (**Travel Document**) को आधारमा विदेश भ्रमणमा जान राहदानी सुविधा माग भई आएमा त्यस्ता व्यक्तिहरूलाई अमेरिकी डलर १,००० सम्मको सटही सुविधा प्रदान गर्नुपर्नेछ ।

**६. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१२ पछि देहाय बमोजिमको बुँदा १.१३ थप गरिएको छ ।**

१.१३ नेपाल सरकारका विकास आयोजना सञ्चालन गर्ने सरकारी निकायले स्वीकृत सेवा खरिदका लागि प्रतितपत्र खोल्दा सम्बन्धित निकायको अनुरोध पत्र सहित निवेदन प्राप्त भएमा यस बैंकको स्वीकृति लिनु पर्ने छैन । यसरी खोलिएको प्रतितपत्रको जानकारी यस विभागलाई दिनुपर्नेछ ।

**७. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१.७ को खण्ड (ग) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

(ग) नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतितपत्रको कागजात (**L/C Documents**) डिस्काउण्ट गर्न पाउने छैनन् । तर, उद्योग स्वयंले आफ्नो प्रयोजनको लागि वा अन्य आयातकर्ताले औद्योगिक उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ र मेशिन (**Plant**) तथा अन्य यन्त्र उपकरण आयात गर्दाको **Sight L/C** को भुक्तानी गर्ने प्रयोजनको लागि अधिकतम १८० दिनसम्मको लागि बैंकहरुले आयातकर्तालाई परिवर्त्य विदेशी मुद्रामा ऋण दिन सक्नेछन् ।

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ